# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ०७ संख्या ०९ असार २२ गते, २०८० साल**


# भाग २

**मादी गाउँ कार्यपालिकाले जारी गरेको तल लेखिए बमोजिमको प्रकोप व्यवस्थापन कोष (संचालन) कार्यविधि, २०७५ (दोस्रो संशोधन, २०८० सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## प्रकोप व्यवस्थापन कोष (संचालन) कार्यविधि, २०७५ (दोस्रो संशोधन, २०८०

**<u>दोस्रो संशोधन : २०८०/०३/२२</u>**

**<u>प्रस्तावना :</u>** मादी गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष ( संचालन) कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, मादी गाउँ कार्यपालिकाले यो संशोधन जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस संशोधनको नाम मादी गाउँपालिकाको प्रकोप व्यवस्थान कोष (संचालन) कार्यविधि, २०७५ (दोस्रो संशोधन), २०८० रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मादी गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष ( संचालन) कार्यविधि, २०७५ को दफा ८ को उपदफा (५) राहत सहायता वितरण सम्बन्धी व्यवस्थामा देहाय बमोजिम संसोधन** :

क. मानिसको मृत्यु भएमा जनही रु. ५००००/- (पचास हजार)

ख. घर नोक्सान भएमा वा प्राकृतिक प्रकोपको कारण बस्न नमिल्ने भएमा रु.५००००/- ( पचास हजार)

ग.भैंसी लगायत ठुला दुधालु चौपाया मरेमा प्रति चौपाया रु.१००००/- (दश हजार)

घ.बाखा तथा स्थानीय लोकल गाई मरेमा प्रति चौपाया रु.५०००/- (पाँच हजार)

ङ. जोत्ने गोरु मरेमा रु.१००००/- (दश हजार)

(च) प्राकृतिक वा गैह्र प्राकृतिक दुर्घटनाबाट अंग भंग भएमा जनही रु. २००००/- (दश हजार)

(छ) प्राकृतिक वा गैह्र प्राकृतिक दुर्घटनमा परी मृत्यु भएमा जनही रु. ५००००/- (पचास हजार)

(ज) कोरोना संक्रमित भई भेण्टिलेटर वा आइ.सि.यु.मा राखी उपचार गर्नुपर्ने भएमा जनही रु. २००००/- (बीस हजार)

(झ) कोरोना वा अन्य कुनै महामारीको कारणबाट मृत्यु भएमा जनही रु. ३००००/- (तीस हजार)

मादी गाउँपालिका, कास्की

(ञ) गोठ, अन्नबाली सहितको खेत/बारी नोक्सान भएमा रु.२५००० /-(पच्चिस हजार)
(ट) पदाधिकारी तथा कर्मचारी दुर्घटनामा परी घाइते भई रु. ५ लाख भन्दा बढी उपचार खर्च लाग्ने भएमा बढीमा रु.२००००० /- (दुई लाख)

**आज्ञाले**
**नारायण प्रसाद अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

माद्री गाउँपालिका, कास्की